# लम्कीचुहा नगरपालिकाको विनियोजन विधेयक, २०७८

लम्कीचुहा नगरपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**सभाबाट स्वीकृत मिति : २०७८/०३/१०**

**प्रस्तावनाः**

लम्कीचुहा नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम लम्कीचुहा नगरपालिका, नगर सभाले यो विधेयक बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " लम्कीचुहा नगरपालिकाको विनियोजन विधेयक, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.परिभाषा :**

क) "नगर सभा" भन्नाले लम्कीचुहा नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले लम्कीचुहा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "वडा समिति" भन्नाले लम्कीचुहा नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

घ) "विषयगत शाखा" भन्नाले लम्कीचुहा नगरपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाई, कार्यालय तथा अन्य प्रशासनिक ईकाई समेतलाई सम्झनु पर्दछ।

ङ) "सञ्चित कोष" भन्नाले लम्कीचुहा नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

३. **आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त लम्कीचुहा, नगर कार्यपालिका, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,१०,२८,८१,०००।- (अक्षेरुपी एक अर्व दश करोड अठ्ठाईस लाख एकासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**४. विनियोजनः**

(१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त लम्कीचुहा नगरपालिका, नगर कार्यपालिका कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै कार्यक्रम/खर्च शिर्षक बजेटमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा वा कुनै खर्च शिर्षकहरु विनियोजित बजेट खर्च नहुने अवस्था देखिएमा कुनै अर्को कार्यक्रम शिर्षकमा नगर कार्यपालिकाको बैठकबाट २५ प्रतिशत नबढ्ने गरी बजेट खर्च शिर्षक नै रकमान्तर गर्न वा सार्न सकिने छ ।

(३) कुनै कार्यक्रम/खर्च शिर्षकमा विनियोजन गरिएको बजेट शत प्रतिशत कार्यान्वयन/खर्च नहुने देखिएमा वा २५ प्रतिशत भन्दा बढी रकमान्तर गर्नु परेमा नगर सभाबाट निर्णय गरी कुनै अर्को कार्यक्रम/खर्च शिर्षकमा बजेट सार्न, निकासा गर्न र खर्च गर्न योजना शंसोधन नै गर्न सकिनेछ ।

(४) पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएता पनि पुँजिगत तर्फको विनियोजित कार्यक्रम/खर्च शिर्षक बजेट चालुतर्फ वा चालुतर्फको कार्यक्रम तथा खर्च शिर्षक बजेट पुँजिगततर्फको कार्यक्रम तथा खर्च शिर्षक बजेटमा सार्नु परेमा नगर सभाले निर्णय गर्नु पर्नेछ ।

(६) लम्कीचुहा नगरपालिका अर्न्तगत गौरवका योजना, वडागत योजनाहरु, विषयगत शाखाका पुजिगत योजनाहरु तथा प्रशासनिक चालु तर्फका योजना लगायत अन्य श्रोतबाट प्राप्त योजनाहरुको कार्यान्वयन हुन नसकि कार्यक्रम तथा योजनाहरुको शिर्षक परिवर्तन गर्नु परेमा नगर कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

**५.वित्तिय हस्तान्तरण सम्बन्धी व्यवस्था :** (१) संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजश्व समेतका आधारमा नगरपालिकाका वडाहरुलाई वित्तिय समानीकरण अनुदान र शुत्रमा आधारित अनुदान रकम निर्धारण गर्नेछ ।

(२) बडाहरुलाई अनुदान प्रदान गर्दा नगर कार्यपालिकाले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धीत वडाले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ ।

**६. वित्तिय अनुशासन सम्बन्धी व्यवस्था :** (१) स्थानीय तहले आफुले उठाएको राजश्व र यस विधेयक बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नुपर्नेछ ।

क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक तथा वित्तिय नीति अनुशरण गर्ने,

ख) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

ग) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा वा चालु खर्चमा विनियोजन भएको रकम पूँजीगत खर्चमा रकमान्तर (सार्नु) परेमा नगर सभाले निर्णय गर्नु पर्ने,

घ) आय व्ययको वर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम राख्नु पर्ने ।

**७. अख्तियारी तथा कार्यक्रम स्विकृति सम्बन्धी व्यवस्था :**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो विधेयक प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले नगरपालिकालाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो विधेयक प्रारम्भ भएको मितिले पन्ध्र दिन भित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँड गरी त्यसको जानकारी नगरपालिका र सम्बन्धीत प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) नगरपालिका सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा नगरपालिकाले महालेखा नियन्त्रक कार्यालयको सहमति लिनु पर्नेछ ।

(६) उपदफा (५) जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका सञ्चित कोष व्यवस्थापन प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा नगर प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम संशोधन भएको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

**८. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :** (१) यस विधेयकको कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

**९. आदेश जारी गर्न सक्ने :** (१) यस विधेयकको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नगरपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

# संञ्चित कोषबाट विनियोजन हुने रकम

**आ.व. २०७८।०७९** | **रु. हजारमा**

| क्र.सं. | क्षेत्रगत | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ७८१८६ | ७.०९ |
| २ | सामाजिक विकास | ५३३८१२ | ४८.४० |
| ३ | पूर्वाधार विकास | २२५४३३ | २०.४४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९९०० | ०.९० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२२००० | ११.०६ |
| ६ | वडा सिलिंग | ९३५५० | ८.४८ |
| ७ | समपुरक कोष | ४०००० | ३.६३ |
| **जम्मा** | | ११०२८८१ | १०० |